घोडाघोडी स्थानीय राजपत्र

**घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशीत**

**सुखड, कैलाली ७ नं. प्रदेश, नेपाल**

| | | | |
|---|---|---|---|
| **भाग २** | **वर्ष १** | **अंक ५** | **२०७४ मंसिर १ गते, शुक्रबार** |


घोडाघोडी नगर सभाबाट मिति २०७४।७२० मा स्वीकृत भएको नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धि कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनीक जानकारीका लागी प्रकाशन गरिएको छ ।

# नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७४

**१. प्रस्तावना :**

घोडाघोडी नगर कार्यपालिका ( कार्यसम्पादन ) नियमावली, २०७४ को नियम बमोजिम घोडाघोडी नगर कार्यपालिकाको बैठक सञ्चालनको लागि यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा : -

(क) नियमावली " भन्नाले नगरपालिकाको कार्यसम्पादन नियमावली, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) वडा अध्यक्ष " भन्नाले नगरपालिकाको वडाध्यक्ष सम्झनु पर्दछ ।

(ग) सदस्य " भन्नाले नगरपालिकाको वडा सदस्य सम्झनु पर्दछ ।

(घ) नगरपालिका" भन्नो घोडाघोडी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) कार्यपालिका" भन्नाले घोडाघोडी नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(च) वडा समिति " भन्नाले घोडाघोडी नगरपालिकाको वडा समिति सम्झनु पर्दछ ।

**३. वडा समितिको बैठक :**

३.१ वडा समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ । तर महिनामा तीन पटक भन्दा बढी बैठक बसेको भत्ता पाइने छैन ।

३.२ वडा समितिको बैठकको अध्यक्षता वडाध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित जेष्ठ सदस्यले वडा समितिको बैठकको अध्यक्षता गर्नेछ ।

३.३ वडा समितिको बैठक वडा अध्यक्षको निर्देशनमा वडा सचिवले बोलाउने छ ।

**४. बैठक बस्ने स्थान र समय :**

४.१ वडा समितिको बैठक वडा समितिको कार्यालयमा बस्ने छ ।

४.२ वडा समितिको बैठकका लागि सूचना गर्दा बैठक बस्ने मिति, समय र स्थान खुलाई पठाउने पर्नेछ

४.३ यसरी सूचना गर्दा बैठक बस्ने समय भन्दा तीन दिन अगावै उपलब्ध गराउनु पर्नेछ ।

घोडाघोडी स्थानीय राजपत्र

**५. छलफलको विषय :**

५.१ वडा समितिको बैठक बोलाउदा सो बैठकमा छलफल गरिने बिषय स्पष्ट  रुपले किटान गरी बैठक बस्ने मिति भन्दा सामान्यतया २४ घण्टा अगावै वडा सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

५.२ वडा अध्यक्षको निर्देशनमा वडा सचिवले वडा समितिको बैठकको कार्यक्रम लिखित रुपमा तयार गर्नेछ । प्रस्ताव सम्बन्धी खाका अनुसूची - १  र २ बमोजिम हुनेछ ।

**६. उपस्थिति :**

६.१ बैठकमा उपस्थित प्रत्येक सदस्यले उपस्थिति पुस्तिकामा आफ्नो नाम र बुझिने गरी दस्तखत गर्नु पर्नेछ ।

६.२ वडा सचिवले वडा समितिको बैठकमा सचिवको रुपमा पुस्तिकामा उपस्थिति जनाई दस्तखत गर्नुपर्नेछ ।

**७. वडा समितिको बैठक सञ्चालन प्रक्रिया :**

७.१ बैठकलाई सुव्यवस्थित गर्ने काम बैठकको अध्यक्षता गर्ने व्यक्तिको हुनेछ ।

७.२ अध्यक्षको आसनको सम्मान र आदर गर्नु वडा समितिका प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

७.३ बैठकको छलफल विषयसूचीका आधारमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले तोके बमोजिम हुनेछ ।

७.४ बैठकको छलफलमा भाग लिने सदस्यले बोल्ने पालो तथा बोल्न पाउने समयको अवधि बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्धारण गरे बमोजिम हुनेछ ।

७.५ एक जना सदस्यले लिरहेको समयमा अर्को कुनै सदस्यले बीचमा कुरा काट्नु हुदैन ।

**८. वडा समितिको निर्णय सम्बन्धी व्यवस्था :**

८.१ प्रस्ताव माथी बोल्ने क्रम समाप्त भएपछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले सो प्रस्ताव निर्णयको लागि प्रस्तुत गर्नेछ ।

८.२ बैठकको निर्णय सामान्यतया सर्वसम्मतिको आधारमा हुनेछ । मत विभाजन हुने अवस्थामा अध्यक्षता गर्ने व्यक्ति सहित तीन जना सदस्यको बहुमतले गरेको निर्णय बैठकको निर्णय मानिने छ ।

**९.वडा समितिको  निर्णयको अभिलेख :**

९.१ वडा सचिवले बैठकमा भएको निर्णयलाई निर्णय पुस्तिकामा अभिलेख गरी उपस्थित सदस्यलाई सही गराई राख्नु पर्ने छ ।

९.२ बैठकवाट भएको कुनै निर्णयमा चित्त नबुझ्ने सदस्यले निर्णय पुस्तिकामा छोटकरीमा आफ्नो फरक मत जनाउन सक्ने छ ।

**१०. नगर कार्यपालिकाको बैठक :**

१०.१ नगर कार्यपालिकाको बैठक कम्तिमा महिनाको एक पटक बस्ने छ ।

१०.२ नगर कार्यपालिकाको बैठकको अध्यक्षता प्रमुखले गर्ने छ र निजको अनुपस्थितिमा बैठकमा उपप्रमुखले कार्यपालिकाको बैठकको अध्यक्षता गर्ने छ ।

१०.३ नगर कार्यपालिकाको बैठक प्रमुखको निर्देशनमा प्रमुख प्रशासकिय अधिकृत ले बोलाउनेछ ।

**११. बैठक बस्ने स्थान र समय :**

११.१ नगर कार्यपालिकाको बैठक नगर कार्यपालिकाको कार्यालयमा बस्नेछ ।

११.२ नगर कार्यपालिकाको बैठकका लागि सूचना गर्दा बैठक बस्ने मिति, समय र स्थान खुलाई पठाउनु पर्ने छ ।

११.३ यसरी सूचना गर्दा बैठक बस्ने समय भन्दा तीन दिन अगावै उपलब्ध गराउनु पर्नेछ ।

**१२. छलफलको विषय :**

१२.१ नगर कार्यपालिकाको बैठक बोलाउदा सो बैठकमा छलफल गरिने बिषय स्पष्ट रुपले किटान गरी बैठक बस्ने मिति भन्दा समन्यतया २४ घण्टा अगावै कार्यकारी अधिकृतले सबै सदस्यलाई उपलब्ध गराउनु पर्ने छ ।

१२.२ प्रमुखको निर्देशनमा प्रमुख प्रशासकिय अधिकृत ले कार्यपालिकाको बैठकको कार्यक्रम लिखित रुपमा तयार गर्नेछ ।

१२.३ बैठकको छलफलमा पेश गर्ने प्रस्ताव सम्बन्धी अन्य व्यवस्था कार्यसम्पादन नियमावलीमा तोकिए वमोजिम हुनेछ ।

**१३. उपस्थिति :**

१३.१ बैठकमा उपस्थित प्रत्येक सदस्यले उपस्थिति पुस्तिकामा आफ्नो नाम र बुझिने गरी दस्तखत गर्नुपर्नेछ ।

१३.२ प्रमुख प्रशासकिय अधिकृतले कार्यपालिकाको बैठकमा सचिवको रुपमा उपस्थिति भई पुस्तिकामा उपस्थिति जनाई दस्तखत  गर्नुपर्नेछ ।

**१४. नगरकार्यपालिका बैठक संचालन प्रक्रिया :**

१४.१ बैठकलाई सुव्यवस्थित गर्ने काम बैठकको अध्यक्षता गर्ने व्यक्तिको हुनेछ ।

१४.२ अध्यक्षको आसनको सम्मान र आदर गर्नु कार्यपालिकाका प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

१४.३ बैठकको छलफल विषयसूचीका आधारमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले तोके बमोजिम हुनेछ ।

१४.४ बैठकको छलफलमा भाग लिने सदस्यले बोल्ने पालो तथा बोल्न पाउने समयको अवधि बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्धारण गरे बमोजिम हुनेछ ।

१४.५ एक जना सदस्यले बोलिरहेको समयमा अर्को कुनै सदस्यले बीचमा कुरा काट्नु हुदैन ।

**१५. नगरकार्यपालिका निर्णय सम्बन्धी व्यवस्था :**

१५.१ प्रस्ताव माथी बोल्ने क्रम समाप्त भएपछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले सो प्रस्ताव निर्णयको लागि प्रस्तुत गर्नेछ ।

१५.२ बैठकको निर्णय सामान्यतया सर्वसम्मतिको आधारमा हुनेछ । मत विभाजन हुने अवस्थामा अध्यक्षता गर्ने व्यक्ति सहित बहुमत सदस्यको निर्णय मानिने छ ।

१५.३ बजेट, कार्यक्रम, निति तथा स्थानीय तहको नियमावली बाहेकको विषयमा १५.२ बमोजिम निर्णय हुन नसकेमा वक्तिगत उत्तरदायित्व निज माथी रहने गरी नगर कार्यपालिकाको प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

**१६. नगरकार्यपालिका निर्णयको अभिलेख :**

१६.१ प्रमुख प्रशासकिय अधिकृतले बैठकमा भएको निर्णयलाई निर्णय पुस्तिकामा अभिलेख गरी उपस्थित सदस्यलाई सही गराई राख्नु पर्नेछ ।
१६.२ बैठकवाट भएको कुनै निर्णयमा चित्त नबुझ्ने सदस्यले निर्णय पुस्तिकामा छोटकरीमा आफ्नो फरक मत जनाउन सक्नेछ ।

**१७. बाधा अड्काउ फुकाउने :**
१७.१ यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे नगरपालिकाको कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**१८. परिमार्जन तथा संशोधन :**
१८.१ कार्यविधिलाई आवश्यकता अनुसार नगरपालिकाको कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

घोडाघोडी स्थानीय राजपत्र

## अनुसूची - १

प्रस्तावको ढाँचा (वुँदा ५- २ संग सम्बन्धित ) घोडाघोडी नगर कार्यपालिकाको कार्यालय, सुखड, कैलाली जिल्ला, ७ नं. प्रदेश विषय :-.......................।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति :- विषयको संक्षिप्त व्यहोरा :- २ प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :- ३ प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको राय :- ४ निर्णय हुनु पर्ने व्यहोरा :-

नोट : प्रस्ताव तयार गर्दा देहायका कुराहरुमा ध्यान दिनुपर्ने छ :-

१ " विषयको संक्षिप्त व्यहोरा" अर्न्तगत रहने विवरण :- विषयबस्तुको पृष्ठभूमीमा यस बारे पहिले कुनै निर्णय भएको भए सो को विवरण, प्रस्तावित निर्णय कार्यान्वयन प्रकृया, समयावधी, कार्यक्षेत्र, कार्यान्वयन गर्ने निकाय र लाग्ने आर्थिक दायित्व भए सो समेत उल्लेख गरी कुनै योजनाको विषय भए सो बारे छोटकारी विवरण उल्लेख गर्ने ।

२. " प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा " अर्न्तगत कार्यपालिका समितिहरु र अन्य निकाय तथा विशेषज्ञहरुले कुनै परामर्श दिएको भए सो समेत उल्लेख गर्ने । साथै विषयसंग सम्बन्धित नक्शा, डिजाइन वा चित्र भए सो समेत समावेश गर्ने । कानूनी परामर्श लिएको भए प्रतिलिपि समेत समावेश गर्ने ।

३. "प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको राय " अन्तर्गत सम्बन्धित विषयमा आई परेको कठिनाई र समस्या, प्रस्तावित निर्णयको औचित्य र आवश्यकता तथा त्यसबाट पर्न सक्ने प्रभाव समावेश गर्ने ।

४. " निर्णय हुनु पर्ने व्यहोरा" अन्तर्गत जुन विषयमा जे जस्तो निर्णय हुन प्रस्ताव गरिएको हो सो को स्पष्ट व्यहोरा राख्ने ।

घोडाघोडी स्थानीय राजपत्र

## अनुसूची - २

प्रस्तावको ढाँचा (बुँदा ५ - २ संग सम्बन्धित ) घोडाघोडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सुखड, कैलाली, जिल्ला, ७ नं.प्रदेश, नेपाल

विषय :- ................................................................।

**प्रस्ताव पेश गर्न प्रमुखबाट स्वीकृति प्राप्त मिति :-**

१. विषयको संक्षिपत व्यहोरा :- २. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :- ३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र सम्बन्धित शाखाको राय :- ४. निर्णय हुनु पर्ने व्यहोरा :-

नोट :- प्रस्ताव तयार गर्दा देहायका कुराहरुमा ध्यान दिनुपर्ने छ :- १ " विषयको संक्षिप्त व्यहोरा " अन्तर्गत रहने विवरण :- विषयबस्तुको पृष्ठभूमीमा यसबारे पहिले कुनैं निर्णय भएको भए सोको विवरण, प्रस्तावित निर्णय कार्यान्वयन प्रकृया, समयावधी, कार्यक्षेत्र, कार्यान्वयन गर्ने निकाय र लाग्ने आर्थिक दायित्व भए सो समेत उल्लेख गरी कुनै योजनाको विषय भए सो बारे छोटकरी विवरण उल्लेख गर्ने । २. " प्राप्त परामर्श तथा अन्य सान्दर्भिक" अर्न्तगत कार्यपालिका समितिहरु र अन्य निकाय तथा विशेषज्ञहरुले कुनै परामर्श दिएको भए सो समेत उल्लेख गर्ने । साथै विषयसंग सम्बन्धित नक्शा, डिजाइन वा चित्र भए सो समेत समावेश गर्ने । कानूनी परामर्श लिएको भए प्रतिलिपि समेत समावेश गर्ने ।

३." प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको राय" अर्न्तगत सम्बन्धित विषयमा आई परेको कठिनाई र समस्या, प्रस्तावित निर्णयाको औचित्य र आवश्यकता तथा त्यसबाट पर्न सक्ने प्रभाव समावेश गर्ने । ४."निर्णय हुनु पर्ने व्यहोरा" अर्न्तगत जुन विषयमा जे जस्तो निर्णय हुन प्रस्ताव गरिएको हो सोको स्पष्ट व्यहोरा राख्ने ।

घोडाघोडी नगर सभाबाट मिति २०७४।७।२० मा अनुमोदन भएको नगर सभा सञ्चालन सम्बन्धि कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सार्वजनीक जानकारी का लागी प्रकासन गरिएको छ ।

आज्ञाले

प्रमुख प्रशासकिय अधिकृत

घोडाघोडी स्थानीय राजपत्र